**तिनाउ गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८१।०७।१३ गतेको बैठकका निर्णयहरुः**

**तिनाउ गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८१।०७।१३ गतेको बैठकका निर्णयहरुः**

१. तिनाउ गाउँपालिकाको वडा नं. ४ मा रहेको सत्यवती मन्दिर तथा तालमा लाग्ने २०८१ को मेला व्यवस्थापन तपसिल अनुसार गर्ने निर्णय गरियो ।

**तपसिल**

क) सत्यवती मेलाको क्रममा सुरक्षाको उचित प्रबन्ध मिलाउन पाल्पा जिल्ला स्थित सुरक्षा निकायहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।

ख) मिति २०८१।०७।२१ गते ११ बजे सुरक्षा व्यवस्थापन तथा मेलाको भाडा निर्धारण गर्न मन्दिर परिसरमा बैठक बसी छलफल गर्ने निर्णय गरियो ।

ग) मिति २०८१।०७।२९ र ३० गते सत्यवती मेलामा दर्शन गर्न आउने भक्तजनहरुको सवारी आवागमनलाई प्रभावकारी बनाउन झुम्सा देखि प्रवेश गर्ने र मन्दिरको दर्शन पछी सत्यवती गाउँहुँदै गिट्टीखानी निस्कने गरी एकतर्फि रुपमा सडक सञ्चालन गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

घ) यस वर्षको सत्यवती मेलाको अवसरमा गाउँपालिका भित्रका सरकारी कार्यालयहरु, विद्यालय, स्वास्थ्य सँस्था तथा अन्य सार्वजनिक निकायहरुमा मिति २०८१।०७।३० गते सार्वजनिक विदा दिने निर्णय गरियो ।

ङ) मिति २०८१।०७।२९ गते राती सांस्कृतिक कार्यक्रम गरी भक्तजनहरुलाई मनोरञ्जन गराउने निर्णय गरियो ।

च) सत्यवती मेलाको अनुगमनको जिम्मा वडा नं. ४ का वडा अध्यक्ष श्री तुल बहादुर आलेलाई तोक्ने निर्णय गरियो ।

२. मिति २०८१।०७।०६ गतेको कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयनको सन्दर्भमा समिक्षा तथा छलफल गरियो ।

३. तिनाउ गाउँपालिकाको विद्युतीय गाउँवस्तुस्थिति विवरण तयारीलाई प्रभावकारी रुपमा अगाडी बढाउन सबै तहबाट पहल गर्ने निर्णय गरियो ।

४. सामुदायिक रेडियो मदनपोखरा (सारेम) पाल्पासँग रु. ५० हजार बराबरको सम्झौता गरी रेडियो कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

५. अध्यक्ष कप खेलकुद प्रतियोगिता बजेट व्यवस्था तथा खेलाडीहरुको व्यस्थताको कारणले गर्दा दशै तिहारको विचमा गर्न नसकिएकोले विद्यालयहरुको हिउँदे विदाको अवसर पारी प्रतियोगिता सञ्चालन गर्ने निर्णय गरियो ।

६. अध्यक्षसँग युवा इलम कार्यक्रम सञ्चालन कार्यविधी, २०८१ स्वीकृत गर्ने निर्णय गरियो ।

**तिनाउ गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८१।०७।१३ गतेको बैठकका निर्णयहरुः**

७. गाउँपालिकाले यस आर्थिक वर्षमा खरिद गर्ने मिनिट्रिलर खरिद गर्न तयार भएको लागत अनुमानमा गाउँपालिकाको तर्फबाट रु. ५ लाख ५० हजार थप गरी सोही रकम किसानहरुको सहभागिताबाट व्यवस्था गर्ने गरी लागत अनुमान स्वीकृत गरी ठेक्का आव्हान गर्न निर्णय गरियो ।

८. तिनाउ गाउँपालिकाले यस आ.व. २०८१/८२ मा जग्गा वर्गिकरणको लागि लागत अनुमान तयार गर्दा रु. ७,९८,२१२।- (अक्षरुपी सात लाख अन्ठानब्बे हजार दुइ सय बाह्) आएकोले उक्त काम गर्न विनियोजन गरेको रकम रु ५ लाख ४८ हजार रु. २ लाख ५२ हजार स्वीकृत वार्षिक विकास कार्यक्रमको पेज न. ८४ सि.नं. ८८ लागत साझेदारी शिर्षकबाट खर्च गर्ने गरी लागत अनुमान तयार गर्ने निर्णय गरियो ।